# जैविक विविधता र आदिवासीहरुको अधिकार

**जैविक विविधता (Biodiversity)**

जैविक विविधता भन्नाले जीव तथा वनस्पतिहरुको विविधता भन्ने बुन्भिछ । जैविक विविधतालाई पारिस्थितिक प्रणाली (Ecosystem), **प्रजाति** (Species) र अनुवांशिक (Genetic) गरी तीन तहमा बुझ्ने गरिन्छ । मानिस लगायत बोटविरुवा, पशुपंछी र शुक्ष्म जिवाणुहरुको विविधताले जैविक विविधता बुझाउँदछ ।

प्रकृति सन्तुलन राख्नका लागि बोटविरुवा र जनावर लगायतका जीवित बस्तुहरुको विविधताले महत्वर्पुण भूमिका खेल्छ भन्ने ज्ञान आदिवासीहरुको परम्परागत जीवन शैलीमा रहेको छ । परम्परागत, भाषासंस्कृति, विश्वास, आस्था, संघ,/संस्था, प्रथा र प्रथाजन्य कानुन तथा सामूहिकतामा आधारित जीवनशैली भएका जाति नै आदिवासी (इन्डिजिजियस् पिपल्स् ) हुन् । उनीहरु आफ्नो पुर्ख्यौली भूमि तथा क्षेत्र र पहिचानलाई त्यस क्षेत्रमा निरन्तर अस्तित्वमा रहेका समुदायका आधारमा विकास गर्ने, संरक्षण गर्नै र यी कुराहरु आफ्ना भावी सन्ततिहरुलाई हस्तान्तरण गर्न प्रतिबद्ध रहन्छन् ।

आदिवासीहरुसँग भएको ज्ञानले जैविक विविधताको संरक्षणमा गहन भूमिका निर्वाह गर्दछ । आदिवासीहरु बसोवास गर्ने भूमि तथा क्षेत्रहरु विश्वमै सबैभन्दा बढी जैविक विविधता भएको भू-भागहरु पर्ने विभिन्न अध्ययनहरुले देखाएको छ । तसर्थ जैविक विविधता, कृषि-जैविक विविधता, पवित्र स्थान तथा सांस्कृतिक विविधता आदिवासीहरुको पहिचानसँग गाँसिएको विषयहरु हुन् । जैविक विविधता आदिवासीहरुसँग सम्बन्धित भएको हुनाले यसले बातावरणीय, शैक्षिक, आर्थिक, साँस्कृतिक, धार्मिक, आध्यात्मिक, आदि महत्व बोकेको छ ।

राज्यको अस्पष्ट नीति, वनजंगललाई समुदायीकरण गर्नु, पैतृक जैविककसम्पतिमाथि गैरराजनीति तरिकाले अतिक्रमण गरिनु, व्यापार आदि कारणले आदिवासीहरुको भूमि तथा क्षेत्रमा रहेका जैविक विविधताहरु दिन प्रतिदिन संकटमा परिरहेको छ । विरुवा वा जनावरको प्राकृतिक बासस्थानको अभाव भई लोप हुने क्रममा छन् । प्रकृतिको संरक्षण नगर्दा स्वच्छ पानी तथा अन्य विविधताको अभावको असर हावापानी परिवर्तनमा पारिरहेको छ । जैविक विविधताको दीगो उपयोग गर्नको लागि यसको संरक्षण तथा व्यवस्थापन गर्न अपरिहार्य भएको छ ।

**कृषि जैविक विविधता**

(Agro biodiversity) कृषि जैविक विविधता भन्नाले खाद्य तथा कृषिमा रहेका वंशाणुगत प्रजातिको भिन्नता भन्ने बुझिन्छ । जसमा खाद्यबालीको प्रजातिगत भिन्नता, घरपालुवा जनावर, माछा, बोटविरुवा, जैविक खेती प्रणाली, सांस्कृतिक तथा परम्परागत ज्ञान आादिको प्रजातिगत भिन्नताहरु पर्दछन् ।

आदिवासीहरुको लागि कृषिजन्य जैविक विविधता अन्तर्गत पर्ने खेतिपातीका लागि प्रयोग गरिने बोट बिरुवा तथा जनावरका सबैप्रजातिहरुका साथै शुक्ष्मजिवाणु तथा च्याउ जस्ता बोटविरुवासँग सम्वन्धित आनुवांशिक स्रोतहरु सरोकारका सार्वधिक विषयहरु हुन् । कृषि जन्य जैविक विविधता खाना र आय स्रोतको मात्र स्रोत नभएर त्यसले लुगा, बास, औषधी तथा नयाँ नयाँ किसिमका बोट बिरुवा र जनावरहरुलाई उत्पदान गर्नुको लागि आवश्यक कच्चा पदार्थहरु पनि प्रदान गर्दछ ।

कृषि जैविक विविधताको विकेन्द्रिकृत व्यवस्थापन खाद्य प्रणाली, जीविकोपार्जन तथा पर्यावरणहरुलाई दीगो बनाउनको लागि आवश्यक पहल गर्नु पर्दछ । बर्तमान अवस्थामा परम्परागत तथा दीगो तरिकाले गरिने खेतीपातीबाट आधुनिक खेती प्रणालीतर्फ उन्मुख भइरहेको छ । जसले कृषि जैविक विविधताको विनाश तीव्र रुपमा गरिरहेको छ । तर्सथ आदिवासी कृषि प्रणालीलाई प्रोत्साहन गर्न सहयोग गरी कृषिमा जीवन यापन गर्ने आदिवासी लगायत आम कृषकहरुको जीविकोपार्जनमा सुधार गर्नु पर्ने हुन्छ ।

**पवित्र स्थान/भूमि** (Sacred Place)

आदिवासीहरुको पहिचानसंग गांसिएको भाषिक, धार्मिक, सांस्कृतिक, आस्थाको केन्द्धविन्दु भएको जैविक विविधता नै पवित्र स्थान हो । पानी, झरना, नदी, खोला, खोल्सा, ताल, सिमसार रुख, विरुवा, फूल, च्याउ, माछा, भ्यागुतो, जनावर, हावा, पृथ्वी, माटो ढुङ्गा, गुफा, हिउ, पहाड, हिम नदी आदि पवित्र स्थानका नमूनाहरु हुन् ।

**आदिवासीहरुको अधिकार**

१. जैविक विविधता सम्बन्धी महान्धि 1992 को धारा 8 (J) ले परम्परागत ज्ञान र अग्रिम सुसूचित स्वतन्त्र सहमतिको अधिकार दिएको छ ।

२. पहुँच र लाभ बाँडफाँड ड्राफ्ट (ABS) २०१० ले आदिवासीको अधिकार दिने तयारी मा छ ।

३. यू .एन. घोषणा-पत्र 1993 ले सम्पूर्ण बातावरण आदिवासीहरुको मानवअधिकार हो भनेको छ ।

४. ILO NO.169 ले आदिवासीहरुको भूमि तथा प्राकृतिक स्रोत साधनको अग्रअधिकार दिएको छ ।

५. आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्यिसंघीय घोषणा-पत्र २००७ ले आदिवासीको आधारभूत अधिकारहरुको व्यवस्था गरेको छ ।

६. नेपालमा ५९ आदिवासी/जनजातिको पहिचान दिएको छ तर, ४० भन्दा बढी नेपालमा आदिवासीहरुले पहिचानको लागि संघर्ष गरिरहेका छन् । तर, विधमान नेपालका रहेका निम्न कानुनहरुले सम्पुर्ण बातावरण, जैविक विविधता लगायतमा आदिवासीको अधिकार ंछं भनेको छैन ।

Aquatic Animals Protection Act 1961
National Parks and Wildlife Conservation Act 1973
Nature Conservation trust ACT 1982
Soil and watershed Conservation ACT 1982
Pesticide ACT 1992
Plant protection ACT 1977
Seed ACT 1989
Forest ACT 1993
Environment Protection Act 1996
Electricity Act 1993
Water Resource Act 1993
National parks and Wildlife Conservation Regulations 1974
Forest Regulations 1995
Environment protection Regulations 1997
Buffer Zone Regulations 1996

तसर्थ आदिवासीहरुको पहिचानसंग जैविक विविधता (कृषि जैविक विविधता, पवित्र स्थानहरु) को सम्बन्ध रहेको हुनाले सर्म्पूण आदिवासीहरुले आफ्नो भूमि तथा क्षेत्रमा रहेका जैविक विविधताहरुको पहिचान, संरक्षण, सर्म्बद्धन, व्यवस्थापन तथा दीगो उपयोग गर्नको लागि सर्म्पूण आदिवासीहरुले माथि उल्लेखित कानुनहरुको अध्ययन गरी आवश्यकीय कार्य गर्न जरुरी भइसकेको छ । नेपालमा रहेका विद्यामान कानुनहरुमा भएका त्रुटिहरुलाई आ-आफ्नो समुदायमा जानकारी दिदै आवश्यक संशोधन गराउनको लागि पहल गर्नु हामी सबैको दायित्व हो । अन्तर्राष्ट्रिय कानुनहरुको आधारमा उचित प्रक्रिया अपनाइ आवश्यक नीति निर्माण गरी आवश्यक कार्ययोजना निर्माण गरी प्रभावकारी तथा आदिवासीहरुको सहभागितामुलक प्रक्रिया मार्फत कार्यान्वयन गर्नु राज्यको दायित्व हो ।

Published by:

आदिवासी तथा जनजाति गैर सरकारी संस्था महासंघ नेपाल 2061

Supported by:

AIPP

Norad